आज मिति २०७८।०१।१४ गतेको दिन यस उत्तरगया गाउँपालिका कार्यपालिकाको बैठक गाउँपालिका अध्यक्ष श्री उपेन्द्र लम्साल ज्यू को अध्यक्षतामा तपशिलका कार्यपालिका सदस्यहरुको उपस्थितिमा बसी देहायका प्रस्ताव उपर छलफल तथा निर्णयहरु सर्वसम्मती बाट पारित गरियो ।

**उपस्थिति**

| | |
|---|---|
| श्री उपेन्द्र लम्साल | अध्यक्ष |
| श्री चमेली गुरुङ | उपाध्यक्ष |
| श्री बम बहादुर तामाङ | वडा अध्यक्ष |
| श्री खुवाबहादुर गुरुङ | वडा अध्यक्ष |
| श्री लालबहादुर तामाङ लामा | वडा अध्यक्ष |
| श्री केशर बहादुर बुलुन | वडा अध्यक्ष |
| श्री इश्वर थापा | वडा अध्यक्ष |
| श्री शान्ता गलान | सदस्य |
| श्री कृष्ण कुमारी नेपाली | सदस्य |
| श्री सिता भट्ट | सदस्य |
| श्री विन्दा रैला | सदस्य |
| श्री ज्ञानु विक | सदस्य |
| श्री तिर्थ बहादुर घले | सदस्य |
| श्री अर्जुन खड्का | सदस्य सचिव |

Scanned with CamScanner

**प्रस्तावहरु**

प्रस्ताव नं. १ शशर्त अनुदान (बाखाको साना व्यावसायीक कृषी उत्पादन केन्द्र (पकेट) विकाश कार्यक्रम संचालन अनुदान )

प्रस्ताव नं. २ कोभिड १९ दोश्रो चरणको प्रभाव सम्बन्धमा ।

प्रस्ताव नं. ३ शिक्षा समानीकरण तर्फको विद्यालयलाई मिनि फन पार्क निर्माण सम्बन्धमा ।

प्रस्ताव नं. ४ विद्यालयको पठन पाठन र परिक्षा संचालन सम्बन्धमा ।

प्रस्ताव नं. ५ वालविबाह न्यूनीकरण सम्बन्धी कार्यक्रम सम्बन्धमा ।

प्रस्ताव नं. ६ स्थानीय विपद तथा उत्थानशिल योजना उत्तरगया गाउँपालिका २०७७ लाई पारित गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. ७ LABOMED TRADING CONCERN को धरौटी रकम फिर्ता गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. ८ सौर्य उर्जा प्रविधि, बायोग्यास र सुधारिएको चुलो (वायोग्यास) प्रविधी जडान गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. ९ लिफ्ट सिंचाई कार्यको भुक्तानी सम्बन्धमा ।

प्रस्ताव नं. १० भवन निर्माण संहिता कार्यविधि, २०७८ र स्थानीय तह क्षमता स्वमुल्याङ्कन (LISA) कार्ययोजना सम्बन्धमा ।

प्रस्ताव नं. ११ हावाहुरीबाट क्षति भएकालाई सहयोग गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. १२ रकमान्तर सम्बन्धमा ।

प्रस्ताव न. १३ म्याचिङ फण्डमा रकम विनियोजन गर्ने निर्णय गरियो ।

**समिक्षा गाउँकार्यपालिकाको ४६ औ बैठकको निर्णयको समिक्षा सम्बन्धमा**

गाउँ कार्यपालिकाको ४६ औ वैठकले गरेका निर्णयहरुको कार्यान्वयन अवस्थाका बारेमा समिक्षा/छलफल गरी कार्यान्वयन हुन बाँकी निर्णयहरु यथाशिघ्र कार्यान्वयन गर्न सम्बन्धित शाखाहरुलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णयहरु**

निर्णय नं. १

प्रस्ताव नं १ माथि छलफल गर्दा आ.व ०७७०७८ मा प्रधानमन्त्री कृषी आधुनिकीकरण परीयोजना अर्न्तगत वाखाको साना व्यावसायीक कृषी उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम संचालन गर्न अनुदान प्रदान गर्ने सम्बन्धमा यस कार्यालयवाट मिति २०७७०९।२८ गतेको १५ दिने सूचना प्रकाशन गरी इच्छुक कृषक समुह/सहकारी/जल/वन उपभोक्ता समिति/ कृषी फर्महरु मार्फत प्रस्ताव पेश गर्न अनुरोध गरिएकोमा रितपूर्वक १ वटा मात्र प्रस्ताव उत्तरगया गाउँपालिका वडा नं. ४ स्थीत (साविकको लहरेपौवा -४ ) लहरेपौवा साना किसान कृषी सहकारी संस्था लि.उत्तरगया ४ ले पेश गरेको र यस कार्यक्रम छनौट प्राविधिक समितिले अनुगमन गरी कार्य गर्न सकिने भनि निर्णय पेश भए

Scanned with CamScanner

बमोजिम वढीमा १५ लाख सम्म लागत साझेदारी हुने गरी सम्झौता गर्न तथा कार्य सम्पन्न पश्चात भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं. २

प्रस्ताव नं २ माथि छलफल गर्दा प्रयेक दिन महामारीको रुपमा फैलिदै गएको कोभिड- १९ (कोरोना भाइरस) गाउँपालिका बासीलाई वचाउन नेपाल सरकारले तोकेको स्वास्थ्य मापदण्डलाई पूर्व रुपमा पालना गर्ने साथै कार्यालय सञ्चालन आवतजावत हाटवजारमा किनमेल गर्दा समुह भेला नहुने स्वास्थ्य मापदण्ड पुरा गरी कार्य गर्ने वा हिडडुल गर्ने र कोरोना भाइरसले पार्ने प्रभावलाई न्युनीकरण गर्न सम्पुर्ण गाउँपालिका वासीलाई पुन जनचेतना, वडामा जनप्रतिनिधि मार्फत सचेतना जागरुक गराउने, भिडभाड कम गराउने कार्यक्रम सञ्चालन गर्ने । साथै वडा भन्दा वाहिरवाट गाउँपालिका प्रवेश गर्ने व्यक्तिहरुलाई सम्वन्धीत वडासँग समन्वय गर्ने कम्तीमा १० दिन होम क्वारेन्टाइन वस्नै पर्ने व्यवस्था मिलाउने निर्णय गरियो । कोभिड १९ अनर्तगत आइपर्ने विभिन्न समस्याहरु तत्कालै समाधान गर्नुपर्ने हुनाले यसमा तत्कालै खर्च गर्नुपर्ने रकम खर्च गर्ने सम्बन्धमा यस गाउँपालिकाका अध्यक्ष श्री उपेन्द्र लम्साल ज्युको निर्देशनमा गर्ने गरी जिम्मेवारी दिने निर्णय गरियो ।

निर्णय नं. ३

प्रस्ताव नं ३ माथि छलफल गर्दा शिक्षा समानिकरण तर्फ राखिएको दुई विद्यालय (सरस्वती प्रा.वि. र भुवनेश्वरी प्रा.वि.) विद्यालयलाई मिनि फन पार्क निर्माण शीर्षकमा छुट्टयाइएको रु छ लाख पच्चिस हजार रकममा रु पाचँ लाखको फन पार्कको सामाग्री व्यवस्थापन र रु एक लाख पच्चिस हजारको घेराबार सम्बन्धी व्यवस्थापनमा आवश्यकता अनुसार एक विद्यालयमा खर्च गर्ने निर्णय गरियो ।

निर्णय नं. ४

प्रस्ताव नं ४ माथि छलफल गर्दा कोभिड १९ दोश्रो चरणको न्यु भेरियन्टको प्रभाव वद्दै गएकोले सार्वजनिक तथा निजि विद्यालयहरु भौतिक रुपमा पठन पाठन कार्य मिति २०७८ बैशाख १५ गते देखी बन्द गर्ने, सम्पुर्ण शिक्षक/शिक्षिकाहरु विद्यालय कार्यक्षेत्र भित्र हुनुपर्ने अन्य विषय नेपाल सरकारले तोकेको नीति निर्देशन वमोजिम हुने निर्णय गरियो ।

निर्णय नं. ५

प्रस्ताव नं ५ माथि छलफल गर्दा महिला विकाश शाखाको प्रदेश शसर्त अनुदानको रु तीन लाख रकमवाट वाल विवाह न्युनिकरण सचेतना मूलक कार्यक्रम गर्न यस गा.पा.को ४ वटा मा.वि. मा विस्तारित वक्तृत्वकला सञ्चालन गर्ने उक्त कार्यक्रमको लागि ४ वटा मावि लाई पचास हजार प्रदान गर्ने बाँकी रकमवाट हरेक मा.वि का प्रथम लाई बोलाई गाउँपालिकामा पनि वक्तृत्वकला कार्यक्रम सञ्चालन गर्ने ।

निर्णय नं. ६

प्रस्ताव नं ६ माथि छलफल गर्दा यस गाउँपालिका अर्न्तगत स्थानीय विपद तथा उत्थानशिल योजना, उत्तरगया गाउँपालिका र सिड्स नेपालले तयार गरी पेश गरेको स्थानीय विपद् तथा जलवायु उत्थानशिल योजनालाई पारित गर्ने निर्णय गरियो ।

निर्णय नं. ७

प्रस्ताव नं ७ माथि छलफल गर्दा शिक्षा शाखा तथा पंजिकरण शाखा अर्न्तगत कम्प्युटर लगायतका समाग्री खरिदका लागि आव्हान भएको शिलबन्दी दरभाउपत्रमा आफ्नो दरभाउ पत्र पेश गरी धरौटी राख्नुपर्ने रकम रु. पचास हजार गाउँपालिकाको धरौटी खातामा जम्मा गर्नुपर्नेमा आन्तरिक राजस्व खातामा जम्मा गरेको र निज फर्मले मूल्यांकनबाट बाहिरिए पश्चात धरौटी फिर्ताका लागि निवेदन पेश गरेको हुँदा निजले जम्मा गरेको रकम राजस्व आम्दानी बाँधेर निजलाई चालु खर्च विविध खर्चबाट धरौटी बराबरको रकम फिर्ता दिने निर्णय गरियो ।

निर्णय नं. ८

प्रस्ताव नं ८ माथि छलफल गर्दा संघीय शशर्त अर्न्तगत सौर्य उर्जा प्रविधी जडान अर्न्तगत प्राप्त ३ लाख रकम सौर्य सडक वत्ति जडान तथा निर्माण गर्ने साथै सुधारिएको चुलो (वायोग्यास) प्रविधी जडान र वायोग्यास जडान वडा नं १ मा संचालन गर्न कार्यविधि अनुसार गर्ने निर्णय गरियो ।

Scanned with CamScanner

निर्णय नं. ९

प्रस्ताव नं ९ माथि छलफल गर्दा लिफ्ट सिंचाई अर्न्तगत ५ लाख रकम विनियोजन भएकोमा, फलाखु खोला बोगटीटार लिफ्ट सिचाई जल उपभोक्ता संस्था गरी कार्य सम्पन्न हुन लागेकोले सोही शिर्षकबाट सोही उपभोक्ता समितिलाई भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं. १०

प्रस्ताव नं १० माथि छलफल गर्दा उत्तरगया गा.पा. भवन निर्माण संहिता कार्यविधि, २०७८ र स्थानीय तह क्षमता स्वमुल्याङ्कन (LISA) को कार्ययोजना अनुसार कार्य अगाडी बढाउने गरी पारित गर्ने निर्णय गरियो ।

निर्णय नं. ११

प्रस्ताव नं ११ माथि छलफल गर्दा हावाहुरीको कारणले घर टहरा, खाने पानी क्षती हुन गएको भनी गाउँपालिकाको कार्यालयमा प्रहरी प्रतिवेदन सहित निवेदन दिनुहुने विभिन्न वडाका नागरिकहरु घरसंख्या आठलाई जनही तीस हजारको दरले विपद व्यवस्थापन कोषबाट सहयोग गर्ने निर्णय गरीयो ।

निर्णय नं. १२

प्रस्ताव नं १२ माथि छलफल गर्दा यस गाउँपालिका वडा नं. २ का दिनेश गुरुङ र ऐ.ऐ. वडा नं. ५ बस्ने गणेश श्रेष्ठ रेफ्री कोर्ष पुरा गरी आएकोले निजहरुलाई सहायता स्वरुप आतेजाते, होटलबास, खाजाखाना खेलकुद सामाग्री बापतको रकम भुक्तानी गर्न राष्ट्रपति खेलकुद कार्यक्रमबाट थप पच्चिस हजार रकम उक्त कायाक्रममा खर्च गर्ने गरी रकमान्तर गर्ने निर्णय गरियो ।

निर्णय नं. १३

प्रस्ताव नं १३ माथि छलफल गर्दा उत्तरगया गाउँपालिका वडा नं. ३ ठुलोगाउँ ढाका बुनाई कार्यक्रमको लागि पुर्णिमा होप कार्यक्रमबाट रु एक लाख पचास हजार र उत्तरगया गाउँपालिकाबाट रु एक लाख पचहत्तर हजार विनियोजन गर्ने निर्णय गरियो । साथै मेडपा कार्यक्रमको स्तरउन्नती कार्यक्रम सोही कार्यक्रममा संचालन गरी एकिकृत प्रशिक्षण कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

Scanned with CamScanner